# गौरीशंकर गाउँपालिका

**Gaurishankar Rural Municipality**

# गाउँ कार्यपालिकाको कार्यालय

**Office of the Rural Municipal Executive**

सुरी, दोलखा ।, Suri, Dolakha.

बागमती प्रदेश, नेपाल, Bagmati Province, Nepal


गौरीशंकर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सुरी, दोलखा बागमती प्रदेश, नेपाल २०७३

**पत्र संख्या/ Ref. No. :- ०८०/८१**

**चलानी नं. /Dispatch No.:-** 608

**मिति/ Date:- २०८०/११/०२**

## न्यूनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारेको सूचना

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सो को नियमावली, २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका-२०७५(दोस्रो संसोधन २०७८) बमोजिम आगामी आर्थिक बर्ष २०८१/०८२ मा स्थानिय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक बेरोजगार व्यक्तिहरुले २०८० फागुन मसान्त भित्रमा आफुले स्थायी बसोबास गरेको यस गाँउपालिका भित्रको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट https://www.pmep.gov.np मा समेत प्राप्त गर्न सकिनेछ ।

### न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड :

१. निवेदन पेश गर्दाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम १०० दिनको संलग्न नभएको ।
२. निवेदन पेश गर्दाको मितिसम्म सोही आर्थिक वर्षमा स्वरोजगारमा संलग्न भई न्यूनतम १०० दिनको रोजगारी बापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आयभन्दा कम आय भएको ।
३. निवेदन दिने उमेर समुह १८ देखि ५९ बर्ष सम्म ।
४. पूर्ण विवरण सहित रीतपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक रहेको ।

### न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक कागजातहरु :

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
२. पासपोर्ट साइजको फोटो :-१ थान
३. निवेदकको एकाघर परिवारका सबै सदस्यहरुको पारिवारिक विवरण
४. बसाईसराई गरी आएको भए बसाईसराईको प्रमाण पत्रको प्रतिलिपी
५. निवेदकले यदि कुनै तालिम लिएको भए प्रमाणपत्रको प्रतिलिपि
६. निवेदन पेश गर्दा फारममा उल्लेख भएका विवरणहरु पुर्णरुपमा उल्लेख हुनु पर्ने ।

### फारम सम्बन्धी आवश्यक जानकारी:

निवेदन दिने मिति :- २०८० फागुन मसान्त सम्म

फारम पाईने स्थान :- सम्बन्धित वडा कार्यालय

निवेदन दिने स्थान :- सम्बन्धित वडा कार्यालय

| | | | |
|---|---|---|---|
| थप जानकारीको लागी :- | जगदिश खड्का | रोजगार संयोजक | ९८५११३०५३५ |
| | भरत श्रेष्ठ | प्राविधिक सहायक | ९८४१९५२९०० |

***पुनश्चः** आवेदनकर्ताहरुले अनुसूचि -१ बमोजिमको निवेदनमा उल्लेखित विवरणहरु (आफु लगायत परिवारका सम्पुर्ण सदस्यहरुको पारिवारिक विवरण, आय-आम्दानी, अन्य पेशा ब्यवसाय तथा राज्यका अन्य सामाजिक सुरक्षाका कार्यक्रममा आबद्ध भए नभएका आदि) यथार्थपरक र पूर्णरुपमा अनिवार्य रुपमा भर्नुपर्ने छ , यथार्थपरक र पूर्णरुपमा नभरेको निवेदन रोजगार सेवाकेन्द्रले सूचिकृत गर्न बाध्य हुनेछैन, निवेदन पेश गर्दा आवश्यक प्रमाणपत्रहरुको प्रतिलिपी सक्कल बमोजिम नक्कल सही छ भनी निवेदक आफैले प्रमाणित गरी पेश गर्नुपर्ने छ , थप जानकारीका लागि गौरिशंकर गाँउपालिकाको रोजगार सेवाकेन्द्रमा सम्पर्क गर्न सकिनेछ ।*

११/०२

.......................................

**चक्र बहादुर घर्ती**

**प्रमुख प्रशासकिय अधिकृत**

चक्र बहादुर घर्ती प्रमुख प्रशासकिय अधिकृत